**मा. धन राज गुरुङज्युको सचिवालय**

सदस्य-प्रतिनिधि सभा
संघीय संसद, नेपाल
क्षेत्र न २ स्याङ्जा
गण्डकी प्रदेश

**HON. DHAN RAJ GURUNG'S Secretariat**

Member, House of Representative
Federal Parliament, Nepal
Constituency No 2 Syangja
Gandaki Province


मिति : ८ साउन २०८२

# प्रेस बिज्ञप्ति

नेपाली काङ्ग्रेसका उपसभापति,पुर्व मन्त्री मा.धनराज गुरुङको पुरानो तस्वीरलाई लिएर सामाजिक संजालमा भएको गलत प्रचारबाजी बारे सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

सम्बन्ध बिच्छेद हुनुपुर्व ज्योति गुरुङसंग खिचिएको फोटोलाई हालै न्युयोर्कमा घुमघाम गर्दै खिचिएको फोटो भनी भ्रमपुर्ण प्रचारप्रसार भएको बारे सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ । सामाजिक संजालमा प्रचार गरिएको फोटो सम्बन्ध बिच्छेद हुनुपुर्व खिचिएको सबैलाई जानकारी गराइन्छ । माननीय धनराज गुरुङ संविधानसभा सदस्य भएको हुँदा उक्त फोटोमा संविधानसभा सदस्यको लोगो प्रष्ट देख्न सकिन्छ ।

२०७६ सालमा सम्बन्ध बिच्छेद भैसकेको हुँदा हाल आएर उक्त तस्बिर राजनैतिक प्रतिशोधका कारण प्रचार गरिएको सचिवालयको ठहर छ । यसरी ब्यक्तिको चरित्र हत्या गर्ने उदेश्यले सामाजिक संजालमा फोटो राख्नेलाई सामाजिक संजालको दुरुपयोग नगर्न सचिवालय आग्रह गर्दछ । यसरी सामाजिक संजालको दुरुपयोग गरी चरीत्रहत्या गर्ने कार्य नरोकिएमा कानुनी उपचारको बाटो समेत अपनाउन बाध्य हुनेछ । कानुनी उपचारको बाटो अपनाउन बाध्य नपार्न आम सामाजिक संजाल प्रयोग कर्ताहरुसंग सचिवालय आग्रह समेत गर्दछ ।

...........................................

भवदीय,
भूपराज बस्याल
सचिवालय सदस्य
मा. धनराज गुरुङ
संघिय संसद सचिवालय
+977 9851110850